## भाग १

# शाही विज्ञप्ति

श्री ५ महाराजाधिराज र काउन्सलर्सहरूको १ सेप्टेम्बर १९५२ को बैठकमा तलका कुराहरू पास भई प्रकाशनार्थ आएको छः—

सल्लाहकार समितिका केही सदस्यहरूले असेम्बलीको कुनै कारवाई नहुने भएपछि सरकारबाट तलब लिनु अनुचित्त भन्ठानेर आफ्नो त्यागपत्र पेश गरेका थिए ।

मुलुकको उन्नति र जनताको भलाईका अनेक योजनाहरूलाई विकाशित गर्नका लागि देशको मालपोत र मितव्ययिता—सम्बन्धी कुरानिर श्री ५ महाराजाधिराजका सरकार धेरै प्रयत्नशील छ। यी कुराहरूलाई ध्यानमा राखेर साथै वर्तमान स्थितिमा सल्लाहकार समितिलाई एउटा असेम्बलीको रूपमा बस्न असम्भव भन्ठानी, असेम्बली भङ्ग गर्ने अनुरोध काउन्सलर्सहरूले गरेअनुसार श्री ५ बाट सो कुराको अन्तिम स्वीकृति दिइबक्सेको छ ।

—का.मु . सेक्रेटरी
गृहविभाग

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।